"पाँचखाल नगर–कृषि सहर"
"Panchkhal Municipal Agriculture City"

# पाँचखाल नगरपालिका
## Panchkhal Municipality

नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
पाँचखाल, काभ्रेपलाञ्चोक
Panchkhal, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
(Bagamati Province, Nepal)

फोन नं.: ०११-४९९४१५
Phone No.: 011-499451
फ्याक्स नं.: ०११-४९९२६७
Fax No.: 011-499267

प. सं. :- ०८०/८१
च. नं. (Ref. No.) :-

मितिः२०८०/०४/२८

सुचना . सुचना सुचना

उपरोक्त सम्बन्धमा आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेश सकारबाट पाँचखाल नगरपालिकाका लागि हस्तान्तरण भएको सशर्त अनुदान तर्फको आमा बुबा विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्रका तपसिलको योग्यता पुरा भएका आमा बुबा विहिन बालबालिकाहरुलाई प्रति बालबालिका मासिक रु.२०००।(अक्षरुपी दुई हजार मात्र) का दरले भत्ता वितरण कार्यक्रम रहेको हुँदा तपसिलका योग्यता पुरा भएका बालबालिका वा बालबालिकाको संरक्षकले सुचना प्रकाशन भएको मितिले १५ दिनभित्र वडा कार्यालयमा आवश्यक कागजात सहित आवेदन दिनुहुन नयाँ तथा भत्ता खाइरहेका बालबालिकाहरु सम्पुर्णको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिलः

१. आमा बुबा दुबैको मृत्यु भएका, दुबै वेपत्ता वा दुबैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको शरणमा रहेको,
२. १८ बर्ष उमेर पुरा नगरेको,
३. ५ बर्ष उमेर पुरा गरेका बालबालिकाको हकमा विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको,
४. कुनै गैरकानुनीवा अपराधिक कार्यमा संलग्न नभएको,
५. संघीय सरकार,प्रदेश सरकार, स्थानीय सरकार र अन्य संघसंस्थाबाट अरु कुनै किसिमको भत्ता नलिएको।

आवश्यक कागजातः

१.जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी (नागरिकता भएमा नागरिकता प्रतिलिपी)
२.आमा बुबा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी, आमा बुबा दुव्रै वेपत्ता भएको वा दुबैको संरक्षण र रेखदेखबाट वञ्चित भएको प्रमाणित कागजात,
३.विद्यालय भर्ना भई नियमित विद्यालय जाने भनि विद्यालयले दिएको सिफारिसपत्र (५ बर्ष उमेर पुरा भएको बालबालिकाको हकमा मात्र)
४.संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
५.अन्य कुनै प्रकारको भत्ता नलिएको स्वघोषणा सहितको निवेदन,

**वोधार्थः श्री वडा समितिको कार्यालय (सबै),पाँचखाल नगरपालिका २०८०/०५/१० गतेभित्र संकलित आवेदन नगरपालिकामा बुझाउनुहुन साथै तोकिएको मिति भन्दा पछि प्राप्त भएका निवेदन समावेश गरिने छैन।**

**नोटः- बाबुआमा दुवैको संरक्षणबाट वञ्चित बालबालिकाको हकमा बाबुआमासँग नरहेको प्रमाण।**

...................................
सुर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत